चेलापन - परिशिष्ट १६

(दिनु)
दशांश अनि पुरानो करारको व्यवस्था

'दशांश' भनेको आफ्नो आम्दानीको दश भागको एक भाग दिनु हो। यद्यपि इसाईहरूले येशू ख्रीष्टको कामको लागि आफ्नो आम्दानीको दश भागको एक भाग दिनु जायज र वैधानिक भए तापनि इसाईहरूले दशांश दिनुपर्छ भनी बाइबलले सिकाउँदैन।

बाइबलमा दशांश पुरानो करारको औपचारिक व्यवस्थामा पर्छ, जुन त्यतिबेलाको मन्दिर, पूजाहारीपन, पशु बलि र शारीरिक खतनाजस्तै हो। उक्त औपचारिक व्यवस्था ख्रीष्टको पहिलो आगमनमा पूरा भइसकेको छ, रद्द भइसकेको छ र खारेज भइसकेको छ, तसर्थ इसाईहरूका लागि त्यो अहिले मान्य (वैद्य) छैन!

क. प्राचीन समयहरूमा दशांश

१. दशांश इस्राएलमा मात्र सीमित थिएन।

भूमिको उब्जनि, ब्यापारको फाइदा र लडाइँमा लुटिएका धनमालबाट दशांश दिने प्रचलन अनि कुनै देवतालाई भाग छुट्ट्याउनुपर्ने रीति सेम वंशका मानिसहरू (Semites) र इण्डो-जर्मन मुलुकहरूमा (Indo-Germanic nations) प्रचलित थियो।

२. बाइबलको इतिहासमा दशांश दिनुको थुप्रै अर्थहरू थिए।

(१) दशांश दिनु भनेको कुनै महत्वपूर्ण व्यक्तिलाई गरिने आदरको चिन्ह थियो।
अब्राहमले (इ.पू. २१६७-१९९२) शालेमका राजा मल्कीसेदेक र सर्वोच्च परमेश्वरलाई आफूले लडाइँमा जितेको धनमालबाट दशांश दिए। यो आफूभन्दा धेरै महत्वपूर्ण व्यक्तिप्रतिक गरिएको आदरको चिन्ह थियो (उत्पत्ति १४:१८-२०)।

(२) दशांश दिनु भनेको परमेश्वरमा गरिएको भाकलको छुटकारा थियो।
याकूबले (इ.पू. २००७-१८६०) बेथेमा हुँदा परमेश्वरसँग यस्तो भाकल गरे, "यदि परमेश्वर मेरो साथमा रहनुभयो, मेरो यात्रामा मलाई रक्षा गर्नुभयो, मलाई खानलाई रोटी र लाउनलाई वस्त्र दिनुभयो, अनि म कुशलपूर्वक फेरि मेरा बाबुको घरमा आउन पाएँ भने, परमप्रभु नै मेरा परमेश्वर हुनुहुनेछ। र मैले खामो बनाएको यो ढुङ्गाचाहिँ परमेश्वरको घर हुनेछ, र तपाईंले मलाई दिनुभए जति सबैको दशांश म तपाईंलाई अवश्य चढ़ाउनेछु" (उत्पत्ति २८:२०-२२)।

(३) दशांश दिनु भनेको संसारिक मालिकलाई भाडा तिर्नुजस्तो थियो।
योसेफले (इ.पू. १८७७) भूमिको उब्जनिबाट मिश्रीहरूले दशांशको दुई भाग फारोलाई दिनुपर्ने आकस्मिक ऐन स्थापित गरे (उत्पत्ति ४७:२४,२६)। यो सांसारिक दशांश भएकोले यसलाई पवित्र दशांशबाट अलग गरी हेरनुपर्छ।

(४) दशांश दिनु भनेको पुरानो करारको आराधना सेवालाई सहायता गर्नु थियो।
मिश्रदेशबाट प्रस्थान भएपछि (इ.पू. १४४७-१४०७) परमेश्वरले मोशालाई पवित्र दशांशको आज्ञा दिनुभयो, जसले गर्दा पुरानो करारको समयमा उहाँका मानिसहरूले दशांश दिनु आराधना सेवाकै भाग थियो (लेवी २७:३०-३४)।

(५) दशांश दिनु भनेको राजालाई (सरकारलाई) कर तिर्नुजस्तो थियो।
अगमवक्ता शमूएलले (इ.पू. १०६०-१०३२) इस्राएलको राजाको हकको सम्बन्धमा यस्ता कुराहरू भने: इस्राएलको राजाले यी कुराहरू लिनेछन्: आफ्नो सांसारिक अभिलाषाहरू पूरा गर्न इस्राएलीहरूको छोराछोरीहरू राजाले लिनेछन्; तिनीहरूको राम्रो उब्जनी हुने खेतहरू लिनेछन्; तिनीहरूका दाखबारी र भद्राक्षको बारीहरू राजाले आफ्ना नोकरहरूलाई दिनेछन्; तिनीहरूका राम्रा र बलिया नोकरहरूलाई राजाले आफ्नो निम्ति काम लगाउनेछन्; र आफ्नो सांसारिक राज्यलाई व्यवस्था मिलाउन तिनीहरूको खेतीपाती र पशुपालनको दशांश राजाले लिनेछन् (१ शमूएल ८:११-१८)।

नोट: यी सबै ऐतिहासिक उदाहरणहरू हुन् र दशांश दिनेचाहिँ पुरानोकरारको औपचारिक व्यवस्था थियो। दशांश दिनुपर्ने आज्ञा थियो।

ख. पुरानो करारको औपचारिक व्यवस्थाअनुसारको दशांश

१. दशांश दिनु इस्राएलको औपचारिक अथवा रीतिसम्बन्धी व्यवस्थाको भाग थियो (इ.सं. १४४७-१४०७)।

(१) इस्राएलको औपचारिक व्यवस्थामा भएका कुराहरू

औपचारिक व्यवस्थाले निम्नलिखित कुराहरूको मागको बारेमा बताउँछ:

- पवित्र व्यक्तिहरू (पूजाहारीहरू, लेवीहरू)
- पवित्र स्थानहरू (भेट हुने पाल, मन्दिर)
- पवित्र समयहरू (शबाथ, धार्मिक चाडहरू र उपवासको एक दिन)
- पवित्र कार्यहरू (बलिदान गर्नु, भेटी चढाउनु, पहिलो फल ल्याउनु, पहिलो जन्मेको ल्याउनु र दशांश; खतना, धार्मिक स्नान र शुद्ध खानाहरू मात्र खानु)

(२) औपचारिक व्यवस्थाको उद्देश्य

औपचारिक व्यवस्थाले पवित्र भूमिमा परमेश्वरो आराधना गर्ने कुरासँग सम्बन्ध राख्थ्यो। यसले पुरानो करारमा कसरी मानिसहरू परमेश्वरको नजिक आएको र उहाँको आराधना गरेको परमेश्वर चाहनुहुन्थ्यो भनी उहाँले तिनीहरूलाई सिकाउनुभयो। परमेश्वरले इस्राएललाई मूर्तिपूजा नास पार्न र अरू मुलुकहरूको तरिकाअनुसार उहाँको आराधना नगर्न आज्ञा दिनुभयो (व्यवस्था १८:९-१३)!

परमेश्वरको आज्ञाअनुसार सबै इस्राएलीहरूले वेदी चढाउनुपर्ने भेटीहरू र वेदीमा चढाउनु नपर्ने बलिदानहरू ल्याउनुपर्ने ठाउँ परमेश्वरले छान्नुभयो; जस्तै: दशांशहरू, विशेष भेटी (सम्भवत: पहिलो फलहरू), भाकल गरेको थोक, स्वेच्छा बलि (व्यवस्था अथवा भाकलहरूले माग नगरेको भेटी) र पहिले जन्मेका पशु (व्यवस्था १२:१-८)।

इस्राएलीहरूले चढाएको दशांशहरू भेट हुने पालमा गरेको सेवाको कामको क्षतिपूर्तीस्वरूप (पारिश्रमिकस्वरूप) लेवीहरूकहाँ जान्थ्यो (गन्ती १८:२१,२६)। पहिले जन्मेका पशुहरू पूजाहारीहरूको खाना प्रयोग हुन्थ्यो र त्यसलाई विशेष भेटीको रूपमा तयार पारिन्थ्यो (गन्ती १८:१५-२०)। अथवा पहिले जन्मेका पशुहरू यरूशलेममा हुने बलिदानको भोजमा खानाको रूपमा प्रयोग हुन्थे (व्यवस्था १२:६-१४,१७-१९)। सायद पूजाहारीहरूले ती पहिले जन्मेका पशुहरूबाट बलिदानको भोज तयार पारी ती जनावरहरू दिने मानिसहरूलाई निमन्त्रणा दिन्थे होलान्।

२. 'दशांश' भन्ने शब्दको अर्थ पूर्णरूपमा स्पष्टसँग तोकिएको थिएन।

केही बाइबल खण्डहरूअनुसार दशांशमा यी कुराहरू पर्दथे: भूमिको, अन्नको, दाखमद्यको, तेलको र बगालमा पहिले जन्मिएको हरेकथोकको दशांश - गोठालोको लौरोमुनि छिर्ने हरेक दशौँ जनावर (लेवी २७:३०,३२; गन्ती १८:२७-३०; व्यवस्था १४:२२-२३; २ इतिहास ३१:६)।

तर पुरानो करारका अरू केही बाइबल खण्डहरूअनुसार दशांश भन्नाले 'माटोबाट निकालिएको थोकको मात्र दशांश' भन्ने हुन्छ; जस्तै: अन्न, दाखमद्य र तेल (नहेम्याह १०:३७-३९; नहेम्याह १३:१२)।

३. दशांश चढाउनुपर्ने गन्तव्य पूर्णरूपले स्पष्टसँग तोकिएको थिएन।

पुरानो करारले एउटा पवित्र दशांश भनी बताउँदैन, तर तीन पवित्र दशांशहरू भनी बताउँछ!

(१) पहिलो दशांश भेट हुने पालमा औपचारिक सेवाको काम गर्ने लेवीहरूका लागि हुन्थ्यो।

लेवी २७:३०-३३; गन्ती १८:५-७,२०-२४ पढ्नुहोस्।

भेट हुने पालमा अनि पछि गएर मन्दिरमा आफ्नो सेवाको निम्ति परमप्रभुले लेवीको कुललाई अलग गर्नुभयो। लेवी कुलको एउटा परिवारले मात्र अर्थात् हारूनको परिवारले मात्र पूजाहारीको रूपमा गवाही-पाटीमा, पर्दाभित्र र वेदीको हरेक थोकमा सेवा गर्थे। बाँकी रहेका लेवीहरूले चाहिँ भेट हुने पाल र मन्दिरको अरू कामहरू गर्दथे। परमप्रभुले नै पूजाहारीहरू लेवीहरूलाई भेट हुने पालको सेवाको निम्ति बोलावट दिनुभएकोले गर्दा, उहाँले नै तिनीहरूको सहायताको प्रवन्ध मिलाइदिनुभयो। लेवीहरू र पूजाहारीहरूको (लेवीको कुलको) भरणपोषणको लागि दशांश छुट्ट्याउने परमप्रभुले निधो गर्नुभयो।

- इस्राएलीहरूले आफूहरू इस्राएलको भूमिको उत्तराधिकारीहरू हुन पाएकोमा र लेवीहरूले भेट हुने पालमा काम गर्ने भएकोले तिनीहरूको पारिश्रमिकस्वरूप पहिलो दशांश लेवीहरूलाई दिनुपर्दथ्यो।
- लेवीहरूले पाएको दशांशको दशांश पूजाहारीहरूलाई दिनुपर्दथ्यो। यो दशांशमा पहिलो उब्जनी, अनि भद्राक्षको तेल, दाखमद्य र अन्नको उत्तम भाग हुन्थ्यो (गन्ती १८:१२)।
- परमप्रभुले पूजाहारीहरूलाई यस्ता आम्दानीहरू तोकिदिनुभयो: अति पवित्र भेटी, सबै पवित्र भेटीहरू, डोलाउने बलिको अलग गरिएको भाग, कटनीको पहिलो उब्जनी, पहिले जन्मेका पशुहरू र परमप्रभुलाई समर्पन गरिएका हरेक थोक (गन्ती १८:८-१९; व्यवस्था १८:१-५)। त्यसैगरी इस्राएलीहरूले लेवीहरूलाई दिएको दशांशको दशौँ भाग पनि पूजाहारीहरूकै हुन्थ्यो (गन्ती १८:२५-२८)। अनि लडाइँमा हात पारेका धनमालहरू (गन्ती २१:२५-२९) र दोषको हरजना पाउने व्यक्ति मरिसकेको तथा उसको नजिकको नातेदार नभएरमा त्यो पनि पूजाहारीले नै पाउँथ्यो (गन्ती ५:६-१०)।

(२) दोस्रो दशांश भेट हुने पाल अथवा मन्दिरमा हुने आनन्द मनाउने भोजको लागि हुन्थ्यो।

व्यवस्था १२:५-७,११-१९; व्यवस्था १४:२२-२७ पढ्नुहोस्।

"हरेक साल खेतमा उम्रने उब्जनीबाट तिमीहरूले दशांश अलग राख्न नभुल्नू। जुन स्थानमा परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो नाउँको वासस्थानको निम्ति छान्नुहुन्छ, त्यहीँ आफ्ना अन्न, दाखमद्य र तेलको दशांश र आफ्ना गाईबस्तु र भेड़ाबाख्राका पहिले जन्मेका बच्चा उहाँको सामुन्ने खानू। यसरी नै तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको भय सधैँ मान्न सिक्नेछौ" (व्यवस्था १४:२२-२३)। इस्राएलीहरूले हरेक वर्ष आफ्नो परिवारको साथ परमप्रभुको उपस्थितिमा अनि उहाँले छान्नुभएको स्थानमा पहिले जन्मेको पशुहरू खानैपर्थ्यो (व्यवस्था १५:१९-२०)। यो सम्भवत: इस्राएलीहरू हरेक वर्ष ग्रीष्म ऋतुमा छाप्रोबासको चाड मनाउन यरूशलेममा जाँदा हुने गर्थ्यो (प्रस्थान २३:१६)। यहाँ, दशांसलाई लेवीहरूको आम्दानीको रूपमा मानिँदैनथ्यो, तर त्यो परमप्रभुसँगको सङ्गति गर्ने तरिका थियो! यदि कुनै इस्राएली टाढा बस्ने भएकोले आफ्नो दशांश यरूशलेममा लान गाह्रो भएमा, उसले त्यो बेच्न सक्थ्यो र त्यसबाट प्राप्त भएको पैसाले यरूशलेममा आनन्द मनाउने भोजको लागि खानेकुरा किन्न सक्थ्यो (यूहन्ना २:१३-१४ सँग दाँज्नुहोस्)। आफ्नो सम्पूर्ण परिवार, आफ्नो नोकरहरू र आफ्नो सहरको लेवीहरू सँगै बसेर उसले त्यो आनन्दको भोज मनाउँथ्यो।

यहूदी धर्ममा पछि देखिएको दोस्रो दशांश - यहूदी शिक्षकहरूले इ.सं. पहिलो शताब्दीमा यसलाई 'दोस्रो दशांश' बनाए। त्यसको निम्ति लेवीहरूलाई दशांश अलग गरेपछि बाँकी रहेको नवौँ भागबाट फेरि दशांशको भाग छुट्ट्याइन्थ्यो। उक्त 'दोस्रो दशांश'लाई शाब्दिकरूपमा अर्थ लगाउन सकिँदैन, किनभने एउटा भोजमा पहिले जन्मेका पशुहरूसँग त्यति धेरै खानेकुरा खाइन्थ्यो भनी विचार गर्नु त्यति उचित हुँदैन। 'सम्पूर्णबाट एक भाग' भन्ने जनाउनको लागि त्यतिबेला 'दशांश' भन्ने शब्द धेरै प्रख्यात भएको हुनसक्छ। स्पष्टरूपमा भन्ने हो भने त्यतिबेला त्यसको अर्थ ठ्याक्कै के लाग्थ्यो भनी हामी अहिले जान्दैनौँ। अर्को कुरा के हो भने त्यसको शाब्दिक अर्थलाई अस्वीकार गर्ने कुनै कारण छैन र त्यतिबेला त्यस्तो भव्य भोजको आयोजना गरिन्थ्यो।

(३) तेस्रो दशांशचाहिँ खाँचोमा परेकाहरूका लागि हुन्थ्यो।

व्यवस्था १४:२८-२९; व्यवस्था २६:१२-१५ पढ्नुहोस्।

"प्रत्येक तीन वर्षको अन्तमा वर्षवर्षको उब्जनीको सबै दशांश सहरको ढुकुटीमा थन्क्याउनू, के तिमीहरूसित सहरमा बस्ने केही हिस्सा वा अंश नहुने लेवीहरू, र परदेशी, टुहुरा-टुहुरी र विधवाहरू आएर अघाउञ्जेल खाऊन्, र परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूका सबै काममा तिमीहरूलाई आशिष् दिऊन्" (व्यवस्था १४:२८-२९)। यो दशांश गरिब र खाँचोमा

परेकाहरूका निम्ति हुन्थ्यो। यो दशांशले दोस्रो दशांशलाई सङ्केत गर्दैन, किनभने उक्त तेस्रो दशांश यरूशलेममा होइन तर आफू बसेको ठाउँमा खाइन्थ्यो। तसर्थ, तेस्रो दशांश मन्दिरको आराधनाको भाग थिएन।

यो दशांशको पवित्र विशेषतालाई कायम राख्नको निम्ति तेस्रो दशांश ल्याउन विशेष उत्सव तोकिन्थ्यो। तेस्रो दशांश ल्याउने व्यक्तिले एकपटक यरूशलेम जाँदा यो कुरा घोषणा गर्नपर्थ्यो, कि यो दशांशको कुनै कुरा आफूले राखेको छैन, तर सम्पूर्ण भाग खाँचो परेकाहरूलाई दिएको छ र त्यसलाई घरमा भण्डार गर्दा अशुद्ध पारेको छैन (व्यवस्था २६:१३-१५)। यो दशांशलाई 'पवित्र अंश' भनिन्थ्यो, किनभने यद्यपि त्यसलाई पवित्र स्थानमा नल्याइए तापनि त्यसलाई प्ररमप्रभुमै समर्पण गरिन्थ्यो (परमप्रभुकै सेवामा)। इस्राएलका मानिसहरू र इस्राएलको भूमिको निम्ति परमेश्वरसँग आशिष् मागेपछि उसको घोषण अन्त हुन्थ्यो (आउने वर्षको लागि खेतीपातीमा आशिष् मागेपछि उसको घोषणा अन्त हुन्थ्यो)।

यहूदी धर्ममा पछि देखिएको तेस्रो दशांश - उक्त तेस्रो दशांश सम्भवत: हरेक तीन वर्षको दोस्रो दशांश थियो। हरेक तीन वर्षको अन्तमा जम्मा गरिने दशांश (व्यवस्था १४:२८) सम्भवत: उक्त सालको दोस्रो दशांशजस्तै हुन्थ्यो, तर त्यसलाई अर्कै तरिकाले प्रयोग गरिन्थ्यो। आफ्नै क्षेत्रका गरिब अनि खाँचोमा परेकाहरूलाई त्यो दिइन्थ्यो। त्यसको आकार पूर्ण दशौँ भाग हुनैपर्थ्यो। इ.सं. पहिलो शताब्दीका यहूदीहरूले त्यसलाई 'गरिबहरूको लागि दशांश' भन्ने गर्थे।

निष्कर्ष - यदि व्यवस्था १४:२८ लाई 'तेस्रो वर्षको दोस्रो दशांश' भनी बुझ्ने हो भने, पुरानो करारका परमेश्वरका जनहरूले वास्तवमा दुई वटा दशांशहरू अलग गर्नुपर्थ्यो, जुन तिनीहरूको उब्जनीको पाँचौँ भाग हुनजान्थ्यो र त्यो तिनीहरूले परमप्रभु र इस्राएलमा उहाँको सेवाको निम्ति छुट्ट्याउनुपर्थ्यो!

- पहिले दशांश हरेक वर्षको लेवीहरूलाई दिइन्थ्यो र त्यो इस्राएलको भूमिमा तिनीहरूको उत्तराधिकारको निम्ति र भेट हुने पालमा (मन्दिरमा) तिनीहरूले गरेको सेवाको निम्ति हुन्थ्यो। उक्त दशांशबाट फेरि दशांश पूजाहारीहरूलाई दिइन्थ्यो।
- दोस्रो दशांशचाहि दुई वर्षसम्म यरूशलेममा आनन्दमय भोज मनाउन छुट्ट्याइन्थ्यो, तर तेस्रो वर्षचाहिँ त्यो आफू बसेको ठाउँका गरिब र खाँचोमा परेका मानिसहरूका लागि छुट्ट्याइन्थ्यो।

४. दशांशहरू एक किसिमले इस्राएलीहरूले जमिनको भाडा त्यसको मालिक, परमेश्वरलाई तिरेजस्तो थियो।

दशांशहरू 'परमप्रभुको सामु पवित्र' हुन्थे (लेवी २७:३०), र यसको अर्थ त्यो परमप्रभुको निम्ति अलग गरिन्थ्यो र त्यसलाई परमप्रभुको सेवाको निम्ति समर्पण गरिन्थ्यो। इस्राएलको पवित्र भूमिको मालिक परमप्रभु नै हुनुहुन्थ्यो। इस्राएलीहरू त्यो भूमिको मालिक थिएनन्, तर तिनीहरूले त्यसलाई प्रयोग गर्थे (उक्त भूमिको फलमा तिनीहरूलाई आनन्द मनाउन दिइएको थियो)। बिक्री गरिएको जमिनलाई छुटकारा गराउने हक बाँकी रहन्थ्यो। "जमिन सधैँको निम्ति नबेच्नू। किनभने जमिनचाहिँ मेरो हो। तिमीहरू त परदेशी र प्रवासी भई मसित बसेका छौ। तिमीहरूको अधिकारमा आएको जग्गाजमिन फेरि निखन्न दिनू" (लेवी २५:२३-२४)। त्यसकारण दशांश भनेको एक किसिमले मोहीहरूले (इस्राएलीहरूले) मालिकलाई (परमेश्वरलाई) जमिनको भाडा तिरेको जस्तो थियो। उक्त दशांशले इस्राएलीहरूलाई आफूहरू इस्राएलको भूमिमा परदेशीहरू हौँ भन्ने सम्झना गराउँथ्यो। तिनीहरू उक्त भूमिको मालिक होइन, तर मोहीहरू थिए! उक्त भूमिको प्रशस्त कटनी र उब्जनी परमेश्वरको आशिष्को चिन्ह थियो (मलाकी ३:१०-१२ सँग दाँज्नुहोस्)। इस्राएलीहरूले भूमिको मालिक, परमप्रभुलाई तिनीहरूको उब्जनीको भाग सलामीको रूपमा (करको रूपमा) दिन्थे।

५. दशांशहरूलाई साट्न सकिँदैनथ्यो, तर त्यसलाई निखन्न सकिन्थ्यो।

यहूदी लेख Bekoroth 58b अनुसार पशुहरूलाई एकपटकमा एउटा मात्र छिर्ने ढोकाबाट पठाइन्थ्यो। ती पशुहरूलाई गोठालोले गन्दै आफ्नो लौरोको मुनिबाट छिराउँथ्यो (यर्मिया ३३:१३)। गोठालोले हरेक दशौँ पशुलाई आफ्नो लौरोले छुन्थ्यो र त्यसलाई एउटा काठको टुक्राले रातो रङ्ग लगाइन्थ्यो। पशुको मालिकले उक्त प्रक्रियालाई उत्तम पशु आफ्नो निम्ति राख्ने किसिमले मिलाउन पाउँदैनथ्यो। यदि असल पशु आफूलाई अनि खराब पशु परमेश्वरलाई दिने गरी साटेको भेट्टाएमा, ती दुबै पशुहरू परमेश्वरलाई दिइन्थ्यो। अथवा उसले त्यो पशु किन्ने हो भने त्यसमा पाँचौँ भाग थपेर मूल्य चुकाउनुपर्ने हुन्थ्यो (लेवी २७:३०-३३)।

ग. निर्वासनपछि दशांश दिने नियम

निर्वासनपछि दशांश एक किसिमको मन्दिरको कर हुनुगयो, जुन मन्दिको सेवकहरूको जीविका र मन्दिरको सेवा सञ्चालन गर्न प्रयोग गरिन्थयो।

१. नहेम्याहले आफ्नो शासनकालको पहिलो खण्डमा दशांशको प्रचलनलाई फेरि संस्थागत गरे (इ.पू.४४५-४३३)।

बेबिलोनको निर्बासनबाट फर्केपछि (इ.पू. ५३८) इस्राएलीहरूले मन्दिरको पुनर्निर्माण गरे (एज्रा ६:१५) (इ.पू. ५२१-५१६)। पछि गएर नहेम्याह प्यालेस्टाइनमा पहिलोपटक बडाहाकिम हुँदा (इ.पू. ४४५-४३३), त्यहाँका अगुवाहरू, पूजाहारीहरू र लेवीहरू मिलेर लिखित वाचा बाँधे अनि त्यसमा सहीछाप गरी मोहर लगाए (नहेम्याह ९:३८; नहेम्याह १०:१)। त्यस लिखित वाचामा मन्दिरको सेवालाई बेवास्ता गरिनेछैन भनी तिनीहरूले प्रतिज्ञा गरे। "तिनीहरू सबैले आफ्ना भारदार दाजुभाइहरूसित मिलेर परमेश्वरका दास मोशाद्वारा दिइएको परमेश्वरको व्यवस्था मान्न र परमप्रभु हाम्रा परमेश्वरका सबै आज्ञा, नियम र धर्म-विधिहरू पालन गर्न आफूमाथि सरापको बन्धन राखी शपथ खाए" (नहेम्याह १०:२९)। यसमा विदेशीहरूसँग विवाह नगर्ने, शवाथ दिन पालन गर्ने, मन्दिरको कर तिरेर त्यहाँको सेवालाई कायम राख्ने, बलिदानहरू ल्याउने, बलिदानको निम्ति आगो बाल्ने काठहरू जुटाउने, कटनीको पहिलो फल ल्याउने, पहिले जन्मेको पशुहरू ल्याउने र दशांश दिने कुराहरू उल्लेखित थिए (नहेम्याह १०:३०-३९)।

तर अब त्यहाँ ९०० वर्षपहिलेको व्यवस्थाभन्दा फरक कुरा भयो। निर्वासनपछि मानिसहरूले मन्दिरमा दशांश ल्याएनन्, तर चुनिएका लेवीहरू दशांश जम्मा गर्न हरेक सहका मानिसहरूकहाँ जान्थे। यसरी, नहेम्याहको दिनहरूमा पूजाहरीहरू, लेवीहरू अनि गवैयाहरू र द्वारपालहरूले मन्दिरको भण्डारमा जम्मा गरिएको दशांशबाट आफ्नो आम्दामी प्राप्त गर्थे (नहेम्याह १२:४४-४७)।

२. अगमवक्ता मलाकीले दशांशहरू मन्दिरमा ल्याउनुपर्छ भनी इस्राएलीहरूलाई सल्लाह दिए (इ.पू. ४३२-४२०)।

पछि, नहेम्याह यरूशलेममा अनुपस्थित हुँदा (इ.पू. ४३३-४३२) मन्दिरको मुख्य व्यक्ति, पूजाहारीले लेवीहरूलाई आफ्नो हिस्सा दिन बेवास्ता गऱ्यो र तिनीहरूई आफ्नो जीविकको निम्ति मन्दिरमा सेवा गर्न होइन गाउँतिर गएर कमाउन जबरजस्ती पठाइदिए (नहेम्याह १३:४-१०)।

अगमवक्ता मलाकीद्वारा परमप्रभुले दशांश (मलाकी ३:६-१२) र भेटीमा (मलाकी १:६-१४) इस्राएलीहरूले उहाँलाई लुटेकोमा तिनीहरूलाई हप्काउनुभयो। उहाँलाई त्यसबाट मन्दिरमा आराधना मिलेको थिएन। परमप्रभुले याकूबको सन्तानहरूलाई दोष लगाउनुभयो, कि तिनीहरूका पितापुर्खाको समयदेखि तिनीहरूले त्यस मान्यतालाई पालन गरेका थिएनन्। इस्राएलीहरूले साँच्चै नै औपचारिक व्यवस्था र दशांश ल्याउने प्रचलनलाई कहिल्यै पालना गरेनन्। तिनीहरूले गरेको बेवास्ताको कारण परमेश्वरले इस्राएलमाथि श्राप ल्याउनुभयो र खडेरीले गर्दा अनि सलहको महामारीले गर्दा (योयल १:४,१३ सँग दाँज्नुहोस्) तिनीहरूले कटनी गर्न असफल भए (हाग्गै १:२-११ सँग दाँज्नुहोस्)। परमप्रभुले तिनीहरूलाई आफ्नो जमिनको उब्जनीबाट सम्पूर्ण दशांश (सबै दशांशहरू)[53] मन्दिरमा ल्याउन आग्रह गर्नुभयो, ताकि त्यहाँ पूजाहारीहरू र लेवीहरूलाई पर्याप्त खानेकुरा होस्! त्यसपछि मात्र परमप्रभुले स्वर्गको ढोका खोलेर झरी तिनीहरूको भूमिमा पठाउनुहुनेछ (उत्पत्ति ७:११-१२ सँग दाँज्नुहोस्) ताकि तिनीहरुले प्रशस्त मात्रामा कटनी गर्नेछन् र उहाँले तिनीहरूको अन्नहरूलाई सलहले गर्ने नासबाट बचाउनुहुन्थ्यो (मलाकी ३:११-१२)।

यो कुरामा ध्यान दिनुहोस्, कि मलाकी ३:१० नयाँ करारको इसाईहरूको लागि दिइएको आज्ञा होइन, तर त्यो पुरानो करारको यहूदीहरूलाई औपचारिक व्यवस्था पालन गर्ने आग्रह थियो (दशांश र पशु बलिदानहरू) ताकि पुरानो करारको मन्दिरमा सेवा गर्ने पूजाहारीहरू लेवीहरूको जीविका चल्न सक्थ्यो। उक्त प्रतिज्ञा इस्राएलको भूमिको लागि हो, तपाईंको आफ्नो मुलुकको लागि होइन।

[53] Verse 10: Hebrew: kol ha-ma>aser; Greek LXX: panta ekforia (all produce, products). Verse 9: ta epidekata (the tithes).

३. नहेम्याहले आफ्नो शासनकालको दोस्रो भागमा दशांश दिने प्रचलनलाई फेरि पुनर्स्थापिन गरे (इ.पू. ४३२)।

मलाकीको दशांशसम्बन्धी प्रचारलाई मानिसहरूले ध्यान दिएनन्, किनभने नहेम्याह यरूशलेममा फर्कदा, उसले पहिले गरेको कामलाई पुनर्स्थापित गर्नुपरेको थियो। नहेम्याहले अधिकारीहरूलाई हप्काए, लेवीहरूलाई फेरि आफ्नो काममा बोलाए। त्यसपछि दशांश यरूशलेमको भण्डारहरूमा ल्याउन लगाएको हेरे र त्यसको निम्ति विश्वासयोग्य मानिसहरू नियुक्त गरेर लेवी र पूजाहारीहरूलाई तिनीहरूको आम्दानी वितरण गर्ने जिम्मेवारी सुम्पिए (नहेम्याह १३:११-१३)।

घ. दशांशको इतिहास

दशांशको इतिहास पुरानो करारमा पूर्णरूपमा स्पष्ट छैन।

१. प्रस्थानको सुरुवातमा दशांशको प्रचलन (इ.पू. १४४७)

सिनै पर्वतमा मोशाको सेवकाइको सुरुवातमा 'जमिनको सबै उब्जनीको दशांश, चाहे त्यो माटोबाट उमारिएको अन्न होस् अथवा रूखमा फलेको फल होस्' र त्यसको साथै 'पशुको बगालको दशांश'- यी सबै परमप्रभुको सामु पवित्र थिए (लेवी २७:३०,३२)।

२. प्रस्थानको अवधिमा दशांशको प्रचलन (इ.पू. १४४६-१४०७)

पछि गएर हारूनको मुख्य पूजाहारीपनमा 'खलाको अन्न र कोलको दाखरस' मात्र लेवीहरूको आम्दानी हुनेछ भनी चर्चा गरिएको छ (गन्ती १८:२७-३०)।

३. प्रस्थानको अन्ततिर दशांशको प्रचलन (इ.पू. १४०७)

पछि गएर मोशाको समयको अन्ततिरको दशांश दिने प्रचलनलाई हेर्दा अन्न, नयाँ दाखमद्य र तेल अनि गाइवस्तु, भेडा र बाख्राबाट पहिले जन्मिएको उत्सव मनाउनको लागि पवित्र स्थानमा ल्याइन्थ्यो। त्यतिबेला उक्त दशांश दिने व्यक्ति, उसको परिवार, दासहरू र उसको सहरको लेवीहरू मिलेर त्यसलाई खान्थे। तेस्रो वर्षमा चाहिँ उक्त दशांश स्थानीय लेवीहरूलाई वितरण गरिन्थ्यो अनि खाँचोमा परेकाहरूलाई सहायताको रूपमा दिइने गरिन्थ्यो (व्यवस्था १२:६-७,११-१२,१७-१९; व्यवस्था १४:२२-२९)।

४. निर्वासनभन्दा पहिले दशांश दिने प्रचलन (इ.पू. ७१३-६९६)

निर्वासनभन्दा पहिले हिजकिया राजाले मन्दिरलाई शुद्ध गरेका थिए, साथै तिनले मन्दिरको आराधनालाई पुनर्स्थापना गरे, पूजाहारीहरू र लेवीहरूलाई आफ्ना काममा फेरि नियुक्त गरे अनि मन्दिरमा सेवा गर्नेहरूका लागि आफूसँग भएको बाट केही भागहरू ल्याउन तिनले मानिसहरूलाई आदेश दिए। ती पवित्र थोकहरू दशांशको रूपमा परमप्रभुमा समर्पण गर्नुपर्ने थियो। तिनीहरूले जमिनको उब्जनीको सबै थोकबाट दशांश दिनुपर्ने थियो; जस्तै: अन्न, दाखमद्य, तेल, मह आदि। त्यसको साथै तिनीहरूले आफ्नो बगालबाट पनि दशांश दिनुपर्थ्यो (२ इतिहास ३१:२-१०)।

५. निर्वासनपछि दशांशको प्रचलन (इ.पू. ४४५-४२०)

निर्वासनपछि जमिनको सबै उब्जनीको दशांशले मन्दिरको करको विशेषता पायो र लेवीहरूले त्यसलाई जम्मा गरेर मन्दिरमा सेवा गर्ने लेवीहरू अनि पूजाहारीहरूलाई वितरण गरिदिन्थे (नहेम्याह १०:३७-३९; १३:१२-१३; मलाकी ३:६-१२)।

६. ख्रीष्टपछि पहिलो शताब्दीमा दशांशको प्रचलन

इतिहासकार जोसेफसको समयमा (इ.सं. पहिलो शताब्दी) यहूदी शिक्षकहरूले समस्या यसरी समाधान गरे:

(१) पहिलो दशांश

यहूदीहरूले हरेक वर्ष पहिलो दशांश लेवीहरूलाई दिनैपर्थ्यो। अनि लेवीहरूले उक्त दशांशको पनि दशांश पूजाहारीहरूलाई दिनैपर्छ। यस किसिमको प्रचलनले मन्दिरमा सेवा गर्ने लेवीहरू र पूजाहारीहरूको जीविकामा सहायता मिल्थ्यो (लेवी २७:३०,३२; गन्ती १८:२०-३२)।

(२) दोस्रो दशांश

यहूदीहरूले हरेक वर्ष आफ्नो दशांश यरूशलेममा ल्याउनैपर्थ्यो। त्यसले मन्दिरमा हुने बलिदानपूर्ण भोजमा सेवा पुग्दथ्यो (व्यवस्था १४:२२-२७)।

(३) तेस्रो दशांश

यहूदीहरूले हरेक तेस्रो वर्ष आफ्नो नियमित दोस्रो दशांशलाई (तेस्रो दशांशको रूपमा) आफ्नै सहरमा जम्मा गर्नैपर्थ्यो। त्यसले त्यहाँ भएका गरिब तथा खाँचोमा परेकाहरूका लागि सहायता मल्थ्यो (व्यवस्था १४:२८-२९; व्यवस्था २६:१२-१५)।

निष्कर्ष - इ.सं. पहिलो शताब्दीका यहूदी शिक्षकहरूले हरेक वर्ष यहूदीहरूलाई आफ्ना उब्जनीको दुई वटा दशांशहरू अलग गर्नुपर्ने माग गरे! तेस्रो वर्षमाचाहिँ दोस्रो दशांश सम्भवत: तेस्रो दशांश हुनपुग्यो। जेजस्तो भए तापनि, यहूदी शिक्षहरू नियमहरू बनाउन प्रसिद्ध थिए, तर त्यसलाई तिनीहरूले पालना गर्दैनथे (मत्ती २३:१-४; लूका ११:४६)।

ङ. ख्रीष्ट क्रूसमा बलिदान हुनुभन्दा पहिले नयाँ करारमा दशांशको प्रचलन

मत्ती २३:२३-२४ पढ्नुहोस्। फरिसीहरू र व्यवस्थाको शिक्षकहरूले मोशाको व्यवस्थालाई व्याख्या गर्दै ६१३ वटा विशेष नियमहरू निकाले (३६५ वटा निषेधाज्ञाहरू र २४८ वटा आज्ञाहरू)।उक्त नियमहरू सहायता गर्ने कुराहरू थिएनन् तर ती थपिएका कुराहरू थिए (व्यवस्था ४:२; व्यवस्था १२:३२; प्रकाश २२:१८-१९) र तिनीहरूलाई 'पुर्खाहरूको परम्परा' भनिन्थ्यो (मर्कूस ७:३)। येशूले तिनीहरूलाई भन्नुभयो, "तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन्। तिमीहरू परमेश्वरको आज्ञालाई त्यागेर मानिसहरूका परम्परा मान्छौ ... यसरी तिमीहरू आफ्नो चलिआएको परम्परालाई कायम राखेर परमेश्वरको वचनलाई चाहिँ रद्द तुल्याउँछौ। अनि यस्तै अनेक कामहरू तिमीहरू गर्दछौ" (मर्कूस ७:७-८,१३)।

त्यतिबेलाका यहूदी अगुवाहरू ढोंगी थिए। तिनीहरूले खानाम मसलाको रूपमा प्रयोग गर्ने आफ्नो बगैँचा उम्रेका पुदिना, सुँप र जीराको दशांश दिन्थे। पुरानो करारमा यस्ता कुराहरूको माग गरिएको थिएन, तैपनि तिनीहरूले आफ्ना अनुयायीहरूलाई (यहूदीहरू र अरू धर्मबाट यहूदी धर्ममा आएका अन्यजातिहरू) त्यसै गर्न लगाउँथे! पुरानो करारको व्यवस्थाले पुदिना, सुँप, जीराजस्ता कुराहरूको दशांश दिने बारेमा एक शब्द पनि बोल्दैन। बरु उक्त व्यवस्थाले हरेक वर्ष तिनीहरूको जमिनमा उब्जेको सबै थोक, अन्न, दाखमद्य, तेल, फल, गाइवस्तु, भेडा र बाख्राहरूबाट दशांश दिनुपर्ने माग गर्दछ। ती फरिसीहरू व्यवस्थाको शिक्षकहरूले बाइबलीय मूल्य-मान्यताहरूलाई उल्टो बनाइदिए। तिनीहरूले पुदिन, सुँप र जीराजस्ता साना कुराहरूलाई जोड दिए अनि न्याय, दया र विश्वासजस्ता व्यवस्थाको महत्वपूर्ण पक्षहरूलाई चाहिँ बेवास्ता गरे!

ती फरिसीहरूले दशांशहरूलाई (पुरानो करारको औपचारिक व्यवस्थाको अंशलाई) बेवास्ता नगरीकन न्याय, दया र विश्वासजस्ता कुराहरूलाई (परमेश्वरको नैतिक व्यवस्थाको अंशलाई) अभ्यास गर्नुपर्छ भनी येशूले भन्नुहुन्छ। यहूदीहरूलाई यसो भन्दैगर्दा, येशूले ती बास्ना आउने वनस्पतिहरूको दशांश दिने कुरालाई (ढोंगीहरूको मागलाई) समर्थन गर्नुभएन, तर तिनीहरूले औपचारिक व्यवस्थाको सन्दर्भका नियमहरूलाई बेवास्ता नगरिकन परमेश्वरले माग गर्नुहुने अति महत्वपूर्ण नैतिक व्यवस्थालाई पालना गर्नुपर्ने थियो भनी भन्नुभयो। यहाँ यो कुरालाई ध्यानमा राख्नुहोस्, कि येशूले ती कुराहरू भन्नुहुँदा उहाँले अझै व्यवस्थालाई पूरा गरिसक्नुभएको थिएन!

यी दुई कुराहरूलाई ध्यान दिनुहोस:

- पहिलो, येशूले यो कुरा यहूदीहरूलाई (फरिसीहरू र व्यवस्थाका शिक्षकहरूलाई) भन्नुहुन्छ, इसाईहरूलाई होइन!
- दोस्रो, येशूले यो कुरा मुक्तिको काम पूरा गर्न क्रूसमा मर्नुभन्दा पहिले भन्नुहुन्छ।

येशूको मृत्यु र पुनरुत्थानभन्दा पहिले परमेश्वरकहाँ जान, उहाँलाई आराधाना र सेवा गर्नको निम्ति पुरानो करारको औपचारिक व्यवस्थाले अझै स्थान पाइरहेको थियो। मन्दिरको कामकाज कायम राख्न यहूदीहरूले दशांश दिनुपर्ने व्यवस्था त्यतिबेला मान्य र वैधानिक माग थियो (लूका १८:१२ सँग तुलना गर्नुहोस्)! तर उहाँको मृत्यु र पुनरुत्थानपछि ती नियमहरू पूरा भए (मत्ती ५:१७), रद्द भए (कलस्सी २:१४) र खारेज भए (एफिसी २:१४-१५)!

बाइबललाई सही ढङ्गले व्याख्या गर्ने अति महत्वपूर्ण नियमहरू यसप्रकारका छन्:

- श्रोतालाई ध्यान दिनुहोस् - येशूले यहूदी जातिको फरिसीहरू र व्यवस्थाका शिक्षकहरूसँग बोल्नुभयो, इसाईहरूसँग होइन।
- समयलाई ध्यान दिनुहोस् - येशूले तिनीहरूसँग आफ्नो मृत्यु र पुनरुत्थानभन्दा पहिले बोल्नुभयो, औपचारिक व्यवस्थालाई (दशांशलाई) पूरा गर्नुभएपछि, रद्द गर्नुभएपछि र खारेज गर्नुभएपछि बोल्नुभएको होइन।
- अभिप्रायलाई ध्यान दिनुहोस् - मत्ती २३:२३-२४ मा येशूको अभिप्राय तत्कालीन यहूदी धार्मिक अगुवाहरूको माझमा भएको ढोंगीहरूलाई हप्काउनु थियो। बाइबलीय मान्यताहरू अथवा सत्यताहरूलाई बङ्ग्याउन कसैले तिनीहरूलाई हक-अधिकार दिएको थिएन (मत्ती १५:१-२०)। दशांशको बारेमा तिनीहरूको परम्पराले परमेश्वरको वचनलाई कमजोर बनाएको थियो (मर्कूस ७:६-१३)!

यसर्थ, यशूको अभिप्राय इसाईहरूले दशांश दिनुपर्छ भन्ने कहिले पनि थिएन!

च. ख्रीष्टको क्रूसको बलिदानपछि नयाँ करारमा दशांशको प्रचलन

१. 'व्यवस्था' भन्ने शब्दको बाइबलमा थुप्रै अर्थहरू छन्।

(१) धर्मी ठहरिनको लागि (मुक्तिको लागि) परमेश्वरले माग गर्नुहुने 'व्यवस्था'

परमेश्वरको व्यवस्था भनेको परमेश्वरको पवित्र र धार्मिक माग हो, जसअनुसार सबै मानिसहरूले १००% सिद्ध जीवन जिउनैपर्छ र उहाँको व्यवस्थाको सबै उल्लङ्घनहरूले १००% दण्ड पाउनैपर्छ।

सबै स्वभाविक मानिसहरू परमेश्वरको व्यवस्थाको अधिनमा छन् (रोमी २:१२-१६)। परमेश्वरको व्यवस्थाले सिद्ध पवित्रता र धार्मिकताको माग गर्दछ। तर कसैले पनि परमेश्वरको व्यवस्था पालन नगरेकोले (याकूब २:१०) र कनै मानिसले आफ्नै इच्छा-शक्तिले परमेश्वरको व्यवस्था पालन गर्न नसक्ने भएकोले (रोमी ८:७-८), सबै मानिसहरू दोषी ठहरिन्छन् (नास भएका छन्) (रोमी ३:१९; रोमी ८:१) र परमेश्वरको श्रापको मुनि खडा हुन्छन् (गलाती ३:१०)। व्यवस्था पालनद्वारा परमेश्वरको नजरमा धर्मी ठहरिन कोसिस गर्ने सबै मानिसहरू ख्रीष्टबाट बिमुख भई अनुग्रहबाट पतन भएका छन् (गलाती ५:४)। परमेश्वरको व्यवस्था पालन गर्न कोसिस गरेर एक जना व्यक्ति पनि धर्मी ठहरिनेछैन (गलाती २:१६; रोमी ३:२०)। कसैले पनि परमेश्वरको पवित्र र धार्मिक मागलाई पूरा गर्न सक्दैन!

इस्राएल राष्ट्रको निम्ति परमेश्वरको पवित्र र धार्मिक मागहरू पुरानो करारमा परमेश्वरको नैतिक व्यवस्थाहरूमा, औपचारिक व्यवस्थाहरूमा र नागरिक व्यवस्थाहरूमा प्रकट गरिएका थिए।

(२) पुरानो करारको समयमा परमेश्वरको नैतिक मागहरूको 'व्यवस्था'

दश आज्ञाहरूमा (प्रस्थान २०:१-१७) र प्रेमको व्यवस्थामा (व्यवस्था ६:५; लेवी १९:१८) उल्लेखित कुराहरूद्वारा मानिसहरूले परमेश्वरको सामु धार्मिकता (मुक्ति) प्राप्त गर्न खोजून् भन्ने परमेश्वरले कहिले पनि अभिप्राय राख्नुभएन, किनभने उहाँले आफ्ना जनहरूलाई ती व्यवस्थाहरू दिनुभन्दा पहिले नै बचाउनुभएको थियो (प्रस्थान २०:१-२)! ती नैतिक व्यवस्थाहरू परमेश्वरका बचाउनुभएका उहाँका जनहरूले (इस्राएलीहरूले) संसारमा परमेश्वरको जनको रूपमा कसरी जिउनुपर्छ भन्ने विषयमा उहाँको मागहरू हुन्! ती आदेश र व्यवस्था पालन गर्ने मानिसहरू तीद्वारा नै जिउनेछन् (लेवी १८:५)। यहाँ 'जिउनु' भनेको अनन्त जीवन प्राप्त गर्नु (धर्मी ठहरिनु, बचाइनु) होइन, तर यसको अर्थ परमेश्वरसँग परमेश्वरको प्रशस्तको जीवन अनुभव गर्नु हो (यूहन्ना १०:१०)।

परमेश्वरको नैतिक व्यवस्था नयाँ करारमा लागु हुन्छ। यसले परमेश्वरका जनहरूले संसारमा कसरी जिउनुपर्छ भनी बाटो देखाउँछ (मर्कूस १२:३०-३१; रोमी १३:८-१०)।

(३) पुरानो करारको समयमा परमेश्वरको विधिविधानसम्बन्धी (औपचारिक) मागहरूको व्यवस्था

पुरानो करारमा औपचारीक व्यवस्थाहरू भनेको परमेश्वरको जनहरूले (इस्राएलले) कसरी परमेश्वरको नजिक जाने अनि कसरी उहाँको आराधना र सेवा गर्ने भन्ने कुराहरूसम्बन्धी मागहरू हुन्। औपचारिक व्यवस्थाहरू निम्नलिखित कुराहरूमा विभाजन गरिएका थिए:

- पवित्र व्यक्तिहरू (पूजाहारीहरू, लेवीहरू)
- पवित्र स्थानहरू (भेट हुने पाल, मन्दिर)
- पवित्र समयहरू (शबाथ, चाडहरू र एक दिनको उपवास)
- र पवित्र क्रियाकलापहरू (खतना, बलिदानहरू, भेटीहरू, कटनीको पहिलो फलहरू, पहिले जन्मेका पशु अनि पहिले जन्मेको मानिस, दशांशहरू, धार्मिक स्नानहरू र शुद्ध खानेकुराहरू मात्र खानु)।

यो कुरा याद राख्नुहोस्, कि त्यतिबेलाको 'पहिलो दशांश'ले इस्राएलमा मन्दिरको धार्मिक सेवामा सहायता पुऱ्याउनको निम्ति धार्मिक करको रूपमा काम गर्थ्यो भने 'दोस्रो दशांश'ले यरूशलेममा मन्दिरको धार्मिक चाडलाई (र तिनीहरूका सहरमा भएका गरिबहरूलाई) सहायता पुऱ्याउनको निम्ति सामाजिक करको रूपमा काम गर्थ्यो।

ख्रीष्टको पहिलो आगमनमा परमेश्वरको औपचारिक व्यवस्था पूरा भएको थियो, रद्द भएको थियो अनि खारेज भएक थियो।

(४) पुरानो करारको समयमा परमेश्वरको नागरिक (सामाजिक) मागहरूको व्यवस्था

परमेश्वरले इस्राएललाई संसारमा अरू मुलुकहरूझैँ राजनैतिक राज्य अनि अहिलेको इस्राएल राष्ट्रझैँ बनाउन चाहनुभएन! उहाँको अभिप्राय आफ्नो जन इस्राएललाई ईश्वरतन्त्रले शासन गरेको चाहनुहुन्थ्यो र त्यसलाई अगमवक्ताहरू, पूजाहारीहरू र राजाहरूद्वारा परमेश्वरले नै राजाको रूपमा व्यवस्था गर्न चाहनुहुन्थ्यो! त्यतिबेला इस्राएलमा नागरिक (सामाजिक) व्यवस्थाहरू यस्ता कुराहरूको न्यायसँग सम्बन्धित थिए: धन-सम्पत्ति, विवाह, रोग-बिमार, अपराध, दासहरू, युद्ध र राजाहरू आदि। यहाँ यो कुरा स्मरण गर्नुहोस्, कि त्यतिबेलाको तेस्रो दशांशले सामाजिक करको रूपमा काम गर्थ्यो, जसद्वारा इस्राएलको ईश्वरतन्त्रीय राज्यमा गरिब र खाँचोमा परेकाहरूलाई सहायता मिल्दथ्यो।

परमेश्वरलाई चढाइने तीन वटा दशांशहरूबाहेक तिनीहरूका मानिसहरूको, भूमिको, कटनीको, दाखबारीको र बगालको दश भागको एक भाग राजा र उसको सांसारिक कार्यभारहरू सञ्चालन गर्नको निम्ति दिनैपर्छ भनी राजाले मानिसहरूलाईई जबरजस्ती गर्थ्यो (१ शमुएल ८:७-२०)।

ख्रीष्टको पहिलो आगमनमा परमेश्वरको राज्यको बारेमा परमेश्वरको नागरिक (सामाजिक) व्यवस्थाहरूलाई येशू ख्रीष्टको शिक्षाहरूले प्रतिस्थापित गरियो।

२. येशू ख्रीष्टको पहिलो आगमनमा व्यवस्था पूरा भयो।

(१) परमेश्वरको नैतिक व्यवस्थाको परिपूर्णता

आफ्नो पहिलो आगमनमा येशू ख्रीष्टले उहाँमा विश्वास गर्नेहरूको स्थानमा रहनुभएर परमेश्वरको धार्मिक मागलाई निम्नलिखित कुराहरूद्वारा पूरा गर्नुभयो:

- उहाँ पूर्णरूपमा पापरहित रहनुभयो। पृथ्वीमा उहाँको पहिलो आगमनमा मानव इतिहासका सबै अरू मानिसहरूको तुलनामा सिद्ध, पवित्र र धार्मिक जीवन जिउनुभयो! सम्पूर्ण मानव इतिहासलाई हेर्ने हो भने येशू ख्रीष्ट मात्र पूर्णरूपमा पापरहित हुनुहुन्थ्यो (यूहन्ना ८:४६; हिब्रू ४:१५; हिब्रू ७:२६)!
- उहाँले पापहरूको प्रायश्चितको निम्ति सिद्ध बलिदान ल्याउनुभयो। उहाँको क्रूसको मृत्यु उहाँमाथि विश्वास गर्ने हरेक व्यक्तिको निम्ति लागू हुन्छ (रोमी ३:२४; हिब्रू ७:२७)। उहाँ आफ्ना मानिसहरूका निम्ति क्रूसमा पाप बन्नुभएर तिनीहरूलाई व्यवस्थाको श्रापबाट मुक्त गराउनुभयो (गलाती ३:१३)।

- येशूले आफ्ना सन्देश घोषणा गर्नुभयो र सिकाउनुभयो। आफ्नो पहिलो आगमनमा उहाँले मुक्तिको शुभ समाचार घोषणा गर्नुभयो (मर्कूस १:१४-१५) अनि व्यवस्थाको साँचो अर्थ सिकाउनुभयो (मत्ती ५-७ अध्यायहरू)। व्यवस्थाको बारेमा यहूदीहरूले चलाकीसाथ गरेका परिवर्तनहरूलाई येशूले देखाइदिनुभयो। परमेश्वरद्वारा बचाइएका इसाईहरू कसरी जिउनुपर्छ भनी उहाँले सिकाउनुभयो र प्रेमको व्यवस्थामा नैतिक व्यवस्थालाई संक्षिप्त पार्नुभयो (मत्ती २२:३६-४०; रोमी ८:८-१० सँग दाँज्नुहोस्)।

(२) परमेश्वरको औपचारिक व्यवस्थाको परिपूर्णता

आफ्नो पहिलो आगमनमा पुरानो करारको औपचारिक (रीतिरिवाज) व्यवस्थाको सबै छायाहरूलाई (ढाँचाहरूलाई) येशू ख्रीष्टले नयाँ करारको प्रकाशको वास्तविकता पूरा गर्नुभयो (मत्ती ५:१७; हिब्रू ८:५; हिब्रू १०:१-४; तलका बुँदा ४ र ५ सँग दाँज्नुहोस्) र त्यसको परिणामस्वरूप ती कुराहरूलाई रद्ध गर्नुभयो (कलस्सी २:१४) अनि खारेज गर्नुभयो (एफिसी २:१४-१५)।

(३) परमेश्वरको नागरिक (सामजिक) व्यवस्थाको परिपूर्णता

ख्रीष्टको पहिलो आगमनमा परमेश्वरको राज्य इस्राएलमा मात्र होइन, तर सम्पूर्ण संसारमा पनि स्थापित गरियो (मत्ती १२:२८; मर्कूस १:१४-१५)! स्वर्ग र पृथ्वीको समस्त अधिकार उहाँलाई दिइयो (मत्ती २८:१८)। उहाँको राज्यले अरू सबै राज्यहरूलाई कुल्चनेछ र तिनीहरूको अन्त हुनेछ (दानिएल २:४४; प्रकाश १७:१४)। परमेश्वरको राज्यको बारेमा नयाँ करारमा उल्लेखित येशू ख्रीष्टका सबै शिक्षाहरू र दृष्टान्तहरूले इस्राएलको ईश्वरतन्त्रीय राज्यको नागरिक व्यवस्थालाई पूरा गर्दछ र त्यसलाई प्रतिस्थापित गर्दछ (मत्ती २१:४२-४४), त्यसले संसारका सबै राष्ट्रहरूको व्यवस्थाहरूलाई उछिन्छ र यहाँको सबै मानवीय सँस्कृतिहरूको लागि मार्गदर्शक भएको छ, जसको मतलब संसारको सबै सँस्कृतिका मानिसहरू कसरी जिउनुपर्नेछ भन्ने कुरा हो (मत्ती ६ - ७ अध्यायहरू)।

यसप्रकार येशू ख्रीष्ट सिद्ध हुनुभएको छ र त्यसैकारण उहाँ महान् अगमवक्ता (व्यवस्था १८:१८-१९; प्रेरित ३:२२-२३), महान् प्रधान पूजाहारी (हिब्रू ७:२८) र महान् राजा (प्रकाश १९:१६) हुनुभएको छ!

(४) परमेश्वरको नैतिक व्यवस्थाको स्थायी मान्यता।

पुरानो करारमा भएको परमेश्वरको नैतिक व्यवस्थाको काम र नयाँ करारमा भएको नैतिक व्यवस्थाको काम ठ्याक्कै उस्तै हो। नैतिक व्यवस्थाको उद्देश्य कहिले पनि परमेश्वरको नजरमा धर्मी ठहरिनको निम्ति आफूले धार्मिकता कमाउने अथवा प्राप्त गर्ने उपाय होइन।

एकातर्फ नैतिक व्यवस्थाले नियम तोड्नेहरूलाई प्रकट गर्छ र दोष लगाउँछ अनि भक्तिहीन अनि पापमय, अपवित्र अनि अधार्मिकहरू, हत्याराहरू, व्यभिचारीहरू अनि भ्रष्टहरू, दासहरूको व्यापार गर्नेहरू, झूट बोल्नेहरू र झूटा कसम खानेहरूको विरुद्धमा विरोध गर्दछ। त्यसैगरी बाइबलको महिमित सन्देशलाई पक्का गर्ने साँचो शिक्षको विरुद्धमा हुने कुराहरूलाई विरोध गर्दछ (रोमी ७:७; १ तिमोथी १:८-११)।

अर्कोतर्फ नैतिक व्यवस्थाले संसारमा परमेश्वरको राज्यमा बचाइएका मानिसहरू कसरी जिउनुपर्छ भनी परमेश्वरको मार्गदर्शकको रूपमा काम गर्दछ (मत्ती ५:२१-४८; मत्ती २२:३७-४०; रोमी १३:८-१०; गलाती ५:१४)। परमेश्वरको नैतिक व्यवस्था कहिल्यै फिर्ता भएको छैन अथवा त्यसको अन्त भएको छैन!

३. परमेश्वरको धार्मिक मागअनुसार दोष लगाउने व्यवस्था ख्रीष्टको पहिलो आगमनमा रद्द भयो।

कलस्सी २:१३-१४ पढ्नुहोस्।

सबै मानिसहरूको वरुद्धमा भएको लिखित तमसुकलाई येशू ख्रीष्टले क्रूसमा किला ठोकेर रद्द गरिदिनुभयो। उक्त लिखित तमसुकले पुरानो करारको व्यवस्थालाई बुझाउँछ, विशेष गरी त्यसले परमेश्वरको आत्मिक र नैतिक मागलाई बुझाउँछ।

इस्राएलीहरूले सम्झौतामा हस्ताक्षर गरेका हुनाले तिनीहरू नैतिक, औपचारिक र नागरिक नियमहरू पालन गर्न बन्धनमा परेका थिए। अनाकारितामाथि परमेश्वरको श्राप आउँथ्यो (व्यवस्था २७:२६)।

मानिसले व्यवस्थालाई पूर्णरूपमा पलान नगर्ने हुनाले (रोमी ३:१०-१२,२३) अथवा कोही पनि सक्षम नभएकोले (गलाती ३:१०; याकूब २:१०), सबै मानिसहरू परमेश्वरको श्रापको मुनि छन्। सम्पूर्ण व्यवस्था मानिसहरूको विरुद्धमा खडा छ, परमेश्वरको पवित्र र धार्मिक मागहरू उल्लङ्घन गरेकोमा तिनीहरूलाई त्यसले दोष लगाउँछ र परमेश्वरको सामु दोषी छ भनी आरोप लगाउँछ अनि मानिसहरूको सामु शर्ममा पार्दछ (रोमी ३:१९-२०)। परमेश्वरको व्यवस्थाले मानिसहरूको पाप प्रकट गरिदिन्छ, र त्यसको साथै तिनीहरूलाई मुक्तिदाताको खाँचो छ भनेर पनि देखाइदिन्छ (रोमी ७:७-८)।

पुरानो करारको सम्पूर्ण अवधिमा व्यवस्थाले 'शिक्षकको (संरक्षक अनि मार्गदर्सकको)[54] रूपमा ख्रीष्टको पहिलो आगमनसम्म मानिसहरूलाई कैदमा पक्रेर राखी आरोप र दोष लगाउने काम गऱ्यो (गलाती ३:२४-२५)।

येशू ख्रीष्ट मर्नुहुँदा, 'विश्वासीहरू व्यवस्थाको लागि मरे' जसको मतलब ख्रीष्टमा विश्वासीहरूको विरुद्धको व्यवस्थाको मागहरू पनि मरेको जस्तै भए (रोमी ७:४)। यसको अर्थ विश्वासीहरू अबदेखि दोषी छैनन् र उनीहरूलाई दण्ड छैन-अबदेखि उसो तिनीहरू व्यवस्थाको मुनि छैनन् (रोमी ६:१४)। र जब विश्वासीहरू येशू ख्रीष्टमा ख्रीष्टसँग मरे, तब तिनीहरू व्यवस्थाको मागहरूको खातिर पनि मरे। यसको अर्थ के हो भने अबदेखि उसो विश्वासीहरू व्यवस्था पालन गरेर धर्मी हुन कोसिस गर्दैनन् (रोमी ७:१-६)।

ख्रीष्टको मृत्यु र पुनरुत्थानद्वारा व्यवस्थाको बाँध्ने शक्ति समाप्त भयो। त्यही कारणले गर्दा विश्वासीहरूको निम्ति परमेश्वरको धार्मिक मागस्वरूपको व्यवस्था ख्रीष्टले रद्द र खारेज गरिदिनुभयो भनी बाइबलले सिकाउँछ। अबदेखि उसो परमेश्वरको धार्मिक माग गर्ने व्यवस्थाले इसाईहरूलाई दोष लगाउन दण्ड दिन सक्दैन। तथापि, अविश्वासीहरू र अइसाईहरू व्यवस्थाको मुनि रहन्छन् र अन्तिम न्यायको दिनमा तिनीहरूको न्याय हुनछ, र तिनीहरू दोषी ठहरिनेछन् (रोमी २:१२-१६) र परमेश्वरको धार्मिक मागहरूअनुसार तिनीहरूले दण्ड पाउनेछन् (रोमी ८:१-२)।

४. ख्रीष्टको पहिलो आगमनमा औपचारिक व्यवस्थाको नियमहरू खारेज भए।

एफिसी २:१३-१८ पढ्नुहोस्।

(१) व्यवस्थाले विश्वासीहरू र यहूदीहरू अनि विश्वासीहरू र अयहूदीहरूका बीचमा सत्रुताको पर्खाल खडा गरिदियो।

निर्वासनबाट फर्केपछि धार्मिक शिक्षकहरू र अगुवाहरूले नैतिक व्यवस्थाभन्दा (परमेश्वरको धार्मिक मागभन्दा) औपचारिक व्यवस्थालाई जोड दिन थाले (जुन येशूले पूरा गर्नुहुने वास्तविकताको छाया थियो, तर धार्मिक यहूदीहरूले त्यसलाई आफैले पूरा गर्न कोसिस गरे)! व्यवस्थाको आन्तरिक आज्ञाकारिताभन्दा बाहिरी आज्ञाकारिता बढि महत्वपूर्ण हुनथाल्यो (मत्ती ५:१७-४८)। व्यवस्थामा ६१३ वटा मानवीय परम्पराहरूलाई थपेर तिनीहरूले औपचारिक व्यवस्थालाई परिवर्तन गरे (मत्ती १५:१-२०)। धार्मिक शिक्षकहरू र अगुवाहरूले यहाँसम्म गरे, कि मन्दिरको चोकमा पर्खाल लगाएर साँचो यहूदीहरूको लागि छुट्टै स्थान छुट्ट्याए। उक्त स्थानमा गैर-इसाईहरूलाई प्रवेश गर्न निषेध छ भनी मन्दिरको चार वटा प्रवेशद्वारमा तिनीहरूले लिखित सुचना राखेका थिए!

एफिसी २:१४-१५ मा प्रेरित पावलले औपचारिक व्यवस्थाको नियमहरूलाई उक्त सत्रुताको पर्खालसँग तुलना गर्दछन्। ती धार्मिक शिक्षहरू र अगुवाहरूले बाहिरबाट आएका यहूदी धर्म मान्नेहरूलाई (proselyte)[55] मन्दिरभन्दा बाहिर राख्थे! यो नियम यहूदी इसाईहरूमा पनि लागु हुन्थ्यो, जसले केही पुराना औपचारिक व्यवस्थाहरूलाई कायम राख्थे; जस्तै: खतना, शुद्ध खाना खानु, दशांशहरू ल्याउनु, शबाथ दिन पालन गर्नु, यहूदी चाडहरू र उपवासको दिनलाई मनाउनु आदि। ती यहूदी इसाईहरूले आफू र औपचारिक व्यवस्था नजान्ने र पालन नगर्ने गैर-इसाई इसाईहरूको बीचमा सत्रुताको आत्मिक पर्खाल निर्माण गरे। एफिससमा भएको उक्त विभाजनले ती दुई समूहहरूको बीचमा सत्रुता ल्याएको थियो।

---

[54] Greek: paidagogos

[55] A proselyte was a non-jew who became a Jew by taking a cermonial bath (to undergo the proselyt baptism), by beign circumcised and by vowing to keep the law.

(२) येशू ख्रीष्टले औपचारिक व्यवस्थाको नियमहरूलाई रद्द र खारेज गरिदिनुभयो।

क्रूसमा मर्नुभएर, येशू ख्रीष्टले उक्त सत्रुताको पर्खाललाई तोडिदिनुभयो थियो र औपचारिक व्यवस्थाको नियमहरूलाई खारेज गरिदिनुभएको थियो। यसरी येशू ख्रीष्टले औपचारिक व्यवस्थालाई पूरा गर्नुभयो अनि त्यसपछि त्यसलाई रद्द र खारेज गर्नुभयो। छायाहरू हटाइए। अब वास्तविकाताहरू मात्र बाँकी रहेका छन्! यसैले पहिले सत्रुतामा रहेका दुई समुदायहरूलाई एउटै इसाई मण्डली निर्माण गर्न ख्रीष्ट सक्षम हुनुभयो (एफिसी २:१४-२२; यूहन्ना १०:१६ र एफिसी ३:३-६ सँग दाँज्नुहोस्)।

निष्कर्ष - व्यवस्था पालनद्वारा धर्मी ठहरिन सकिन्छ भन्ने मानिसहरूको झूटा धारणालाई येशू ख्रीष्टले निश्चितरूपले अन्त गरिदिनुभयो। औपचारिक व्यवस्थाद्वारा परमेश्वरकहाँ जाने, उहाँलाई आराधना गर्ने र उहाँको सेवा गर्ने प्रचलनलाई पनि उहाँले हटाइदिनुभयो।

५. येशू ख्रीष्टको पहिलो आगमनमा व्यवस्था स्थायीरूपले परिवर्तन भयो।

येशू ख्रीष्टको पहिलो आगमनको साथमा व्यवस्थाको स्थायी परिवर्तन आएको थियो (हिब्रू ७:१२)। औपचारिक व्यवस्थाको विभिन्न भागहरू कसरी पूरा भए र त्यसको परिणामस्वरूप ती कसरी रद्द र खारेज भए भनी नयाँ करारको शिक्षाले स्पष्टसँग देखाउँछ। पुरानो करारको समयको 'छायाहरू' नयाँ करारको 'वास्तविकताहरूमा' परिवर्तन भए (हिब्रू ७:१२; कलस्सी २:१७)।

(१) पूजाहारीहरू : छाया र वास्तविकता

हारूनको दर्जबमोजिम पुरोनो करारका पूजाहारीहरू मल्कीसेदेकको दर्जाबमोजिमका नयाँ करारका पूजाहारीपनमा परिवर्तन भयो। पुरानो करारको मरणशील पूजाहारीहरू अनन्तको उच्च पूजाहारी, येशू ख्रीष्टद्वारा प्रतिस्थापित भए (हिब्रू ७:११-२८) अनि इस्राएलको मन्दिरमा सेवा गर्ने पूजाहारीहरूचाहिँ सबै विश्वासीहरूको पूजाहारीगिरिद्वारा समाप्त र प्रतिस्थापित भए (१ पत्रुस २:५,९)।

(२) मन्दिर : छाया र वास्तविकता

पुरानो करारको भेट हुने पाल (हिब्रू ८:१-६; ९:१-८,२४) र यरूशलेममा भएको भौतिक मन्दिर समाप्त भए (मत्ती २७:५१; प्रेरित ७:४८-४९; प्रेरित १७:२४-२५; प्रकाश २१:२२) र त्यसलाई नयाँ करारमा मण्डलीले प्रतिस्थापित गऱ्यो। उक्त मण्डलीमा अनगिन्ती सङ्ख्याका मानिसहरू छन् र ती हरेक मानिसमा पवित्र आत्मा वास गर्नुहुन्छ (२ कोरिन्थी ६:१४; एफिसी २:१९-२१)।

(३) यहूदी चाडहरू : छाया र वास्तविकता

पुरानो करारको यहूदी चाडहरू समाप्त भए (रोमी १४:५; कलस्सी २:१६-१७; गलाती ४:८-११)। नयाँ करारको लागि येशू केवल दुई वटा उत्सवहरू संस्थागत गर्नुभयो: प्रभु-भोज (मत्ती २६:२६-२८; १ कोरिन्थी ११:२३-२६) र पानीको बप्तिस्मा (मत्ती २८:१९)। ख्रीष्टमस, गुड फ्राइडे, इस्टर, पाम सण्डे, स्वर्गारोहण र पेन्तिकोसको दिनजस्ता आधुनिक इसाई चाडहरू इसाई जगतमा पछि जन्मेका परम्पराहरू हुन्। ती आवश्यक होइनन्, तर इसाईहरूले सम्झनाको निम्ति मनाउन सक्छन्। "कुनै मानिसले एउटा दिनलाई अर्को दिनभन्दा बढ़ी महत्त्वको मान्छ, अर्को मानिसले सबै दिनलाई समान ठान्छ। हरेक मानिस आफ्नै मनमा पूर्ण रूपले निश्चित हुनुपर्छ" (रोमी १४:५)।

(४) शबाथ दिन : छाया र वास्तविकता

पुरानो करारको औपचारिक पक्षको रीतिअनुसार शबाथ दिन मान्नुलाई (शनिवारलाई सृष्टिको अन्तिम दिन ठान्नुलाई) नयाँ करारको विश्वासीहरू भेट हुने पवित्र सभाद्वारा (लेवी २३:३) रद्द र प्रतिस्थापित गरियो। यस दिनमा विश्राम गर्ने र आफूलाई ताजा पार्ने काम गरिन्छ (प्रस्थान २३:१२)। हप्ताको पहिलो दिनमा (आइतवार/शनिवार) (नयाँ सृष्टिको सुरुवातको

चिन्हस्वरूप) यस दिनमा असल काम र जीवन बचाउने काम गरिन्छ (मर्कूस २:२३-३८; मर्कूस ३:१-६) (प्रेरित २०:७; १ कोरिन्थी १६:२ सँग दाँज्नुहोस्)।

(५) औपचारिक प्रार्थना : छाया र वास्तविकता

यरूशलेमतिर फर्केर दिनमा तीनपटक प्रार्थना गर्नुपर्ने पुरानो करारको औपचारिक प्रार्थनालाई (भजन ५५:१७; दानिएल ६:१०) नयाँ करारमा 'प्रभुको प्रार्थना' (मत्ती ६:५-१५) र 'सधैँ प्रार्थना गर्नु' (एफिसी ६:१८) ले प्रतिस्थापन गऱ्यो।

(६) चाडहरू : छाया र वास्तविकता

पुरानो करारको सबै चाडहरू र शोक गर्नुपर्ने प्रचलनहरू (जकरिया ८:१९) नयाँ करारमा ख्रीष्टको निरन्तर उपस्थितिद्वारा समाप्त र प्रतिस्थापित भए (मत्ती ६:१६-१८; ९:१४-१७; मर्कूस २:१८-२२; यूहन्ना १६:१६-२२)। यो कुरा हुनेछ भनी अगमवक्ता जकरियाले अगमवाणी गरेका थिए।

(७) बलिदानहरू : छाया र वास्तविकता

पुरानो करारको सबै बलिदानहरू समाप्त भइसक्यो, किनभने क्रूसमा ख्रीष्टको प्रायश्चितको अद्वितीय अनि अन्तिम बलिदानले एकैपटक सबैको निम्ति ती कुराहरूलाई पूरा गरिसक्यो र प्रतिस्थापित गरिसक्यो (यूहन्ना १:२९; हिब्रू ७:२७; ९:९-१४,२५-२६)। 'इफापाक्स' (efhapax) भन्ने ग्रीक शब्दको अर्थ एकै पटक अथवा सबैको निम्ति एकैचोटि भन्ने हुन्छ र यसले ख्रीष्टको बलिदन पक्का र अन्तिम थियो भनी बताउँछ।

(८) दशांशहरू : छाया र वास्तविकता

पुरानो करारको दशांशहरू दिने प्रचलनलाई नयाँ करारको दिने तरिकाले रद्द र प्रतिस्थापित गऱ्यो (मर्कूस १२:४१-४४; लूका ६:३८; १ कोरिन्थी १६:२; २ कोरिन्थी ८:३,१२,१४; ९:६-७)। निर्देशिका ४, पाठ ४४ मा भएको 'दिनु' भन्ने लेख हेर्नुहोस्।

(९) खतना : छाया र वास्तविकात

पुरानो करारको कलिलो केटाहरूको खतना गर्नुपर्ने प्रचलनलाई नया करारको पुरुषहरू अनि महिलाहरूको हृदयको आत्मिक खतनाले रद्द र प्रतिस्थापित गऱ्यो (रोमी २:२८-२९; १ कोरिन्थी ७:१७-२०; गलाती ६:१५)।

(१०) धार्मिक स्नानहरू : छाया र वास्तविकता

पुरानो करारको औपचारिक धार्मिक स्नान भनेको कुनै व्यक्तिमाथि पानी खन्याएर अथवा छर्केर उसलाई शुद्ध पार्ने अथवा धुने धार्मिक रीति थियो। ती प्रचलनहरूले संसारको पाप अथवा प्रदुषणलाई पखाल्ने कुरालाई सङ्केत गर्थ्यो (लेवी १४:१-९; लेवी ४:१-५:१३; लेवी १५:११: इजकिएल ३६:१५-२७; मर्कूस ७:२-४; लूका ११:३८-३९; यूहन्ना १३:५,९-१०; हिब्रू १०:१९-२२)। पुरानो करारको त्यस्ता धुने औपचारिक छायारूपी प्रचलनहरूलाई नयाँ करारमा वास्तविकतारूपी नयाँ जन्म (पापहरू पखाल्नु) र पवित्र आत्माको शुद्धिकरणद्वारा रद्द र प्रतिस्थापित गरियो (प्रेरित २:३८; प्रेरित १०:४४-४८; प्रेरित २२:१६; तीतस ३:५-६; हिब्रू १०:२२)। पवित्र आत्माको बप्तिस्मालाई (नयाँ जन्मलाई) इसाईहरूले लिने पानीको बप्तिस्माद्वारा मोहोर लगाइएको हुन्छ (प्रेरित २२:१६)।

(११) शुद्ध खानेकुराहरू : छाया र वास्तविकता

शुद्ध खानेकुराहरू खाने सन्दर्भमा पुरानो करारको नियमहरू शुद्धिकरणको छाया थियो (व्यवस्था १४:१-३)। उक्त नियमलाई नयाँ करारमा विश्वासीहरू सबैलाई एकैपटक धुने परमेश्वरको वचनले रद्द र प्रतिस्थापित गऱ्यो (यूहन्ना १५:३; एफिसी ५:२६)। आफ्नो पहिलो आगमनदेखि नै येशू ख्रीष्टले सबै खानेकुराहरू 'शुद्ध' भन् भनी घोषणा गर्नुभयो (मर्कूस ७:१९; रोमी १४:२-६,१३-२३; कलस्सी २:१६; १ तिमोथी ४:३-५)। बाहिरबाट मानिसको पेटमा जाने कुनै कुराले उसलाई अशुद्ध पार्न सक्दैन, बरु उसको मुखबाट बाहिर निस्कने कुराले मानिसलाई अशुद्ध तुल्याउँछ (मर्कूस ७:१५,२३)।

निष्कर्ष - येशू ख्रीष्टले सबैक निम्ति एकैपटक पुरानो करारको औपचारिक व्यवस्थाहरूलाई पूरा गरिदिनुभयो (मत्ती ५:१७), अनि त्यसलाई रद गरिदिनुभयो (कलस्सी २:१४) र खारेज गरिदिनुभयो (मेटाइदिनुभयो, अस्तत्वलाई समाप्त गरिदिनुभयो) (एफिसी २:१४-१५)। पुरानो करारका त्यस्ता औपचारिक व्यवस्थाहरूलाई फरि नयाँ करारको इसाई मण्डलीमा कहिलेपनि भित्र्याउनु हुँदैन, किनभने त्यसले इसाईहरूको माझमा फूट र विभाजन ल्याउन सक्छ।

त्यसकारण, पुरानो करालमा उल्लेखित औपचारिक व्यवस्थालाई नयाँ करारको इसाई मण्डलीमा भित्र्याउनु हुँदैन; जस्तै: पूजाहारीहरूको छनौट, मन्दिर र वेदीहरूको निर्माण, शबाथ दिनको पालाना, अरू यहूदी चाडहरू मान्नु, विभिन्न उपवासको अवधीहरू मान्नु, पशुहरूको बलिदान गर्नु, केटाहरूको खतना गर्नु, धार्मिक उत्ववहरूभन्दा अगाडि स्नान गर्नु र शुद्ध खानेकुराहरू खानु आदि।

त्यसैगरी दशांश दिने पुरानो करारको प्रचलनलाई (मलाकी ३:१०) नयाँ करारको इसाई मण्डलीमा इसाई कर्तव्य अथवा मागको रूपमा अभ्यास गर्नुहुँदैन! इसाईहरूले दशांश अथवा यति प्रतिसत आफ्नो आम्दामी मण्डलीमा ल्याउनुपर्छ भनी परमेश्वरले माग गर्नुहुन्न।

तर इसाईहरूले उदार चित्तले, दृढ निश्चयतासाथ, नहिचकिचाइकन अथवा दबाबमा नपरिकन दिनुपर्छ। तिनीहरूले दिँदा खुसी हृदयसाथ दिनुपर्छ (२ कोरिन्थी ९:६-७)! र इसाईहरूले बलिदानपूर्वक दिनुपर्छ भनी परमेश्वरले सिफारिस गर्नुहुन्छ (लूका ६:३८; प्रेरित २०:३३-३५; २ कोरिन्थी ८:३,९)।